मिति: २०८२/१२/१०

**श्रीमान् शिक्षाध्यक्षज्यू**

**नेपाल संस्कृत विश्वविद्यालय**

**बेलझुन्डी, दाङ**

**महोदय,**

त्यस कार्यालयको मिति २०८२/१२/०१ को प.सं. ३१५, च.नं. ५५७/२०६२ को पत्रानुसारको यस समितिले व्यापक छलफल र परामर्शपश्चात् नेपाल संस्कृत विश्वविद्यालयका आङ्गिक विद्यापीठमा प्राचार्य नियुक्तिका लागि कार्यविधिको मस्यौदा निर्माण गरी यसै पत्रसाथ संलग्न गरेर आगामी प्रक्रियाका लागि सिफारिस गरेको बेहोरा सादर जानकारी गराउँछु ।

(प्रा.डा. सुधनकुमार पौडेल)

**संयोजक**

**कार्यविधि निर्माण समिति**

# नेपाल संस्कृत विश्वविद्यालय

# आङ्गिक विद्यापीठमा प्राचार्य नियुक्तिका आधार र मापदण्डसम्बन्धी कार्यविधि

**२०८२**

**प्रस्तोता**

कार्यविधि निर्माण समिति

संयोजक : प्रा.डा. सुधनकुमार पौडेल (कार्यकारी निर्देशक, ने.सं.वि. अनुसन्धान केन्द्र)

सदस्य : डा. टीकाराम बुढा (कार्यकारी निर्देशक, ने.सं.वि. राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र)

सदस्य : प्रा. नीलप्रसाद सापकोटा, (पूर्व परीक्षानियन्त्रक) जनता विद्यापीठ, बिजौरी दाङ।

सदस्य : सुरजकुमार लामा (ने.सं.वि. योजना महाशाखा प्रमुख)

**प्रस्तुत मितिः** २०८२/१२/१०

# नेपाल संस्कृत विश्वविद्यालय

# आङ्गिक विद्यापीठमा प्राचार्य नियुक्तिका आधार र मापदण्डसम्बन्धी कार्यविधि

२०८२

स्वीकृत मिति :

**प्रस्तावना** : नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ (२०७७/०३/११ सम्मको संशोधन समावेश) को दफा १३ को खण्ड (च) तथा नेपाल संस्कृत विश्वविद्यालय शैक्षिक तथा सङ्गठनसम्बन्धी नियम २०६७ (२०७० भाद्रसम्मको संशोधन समावेश) को परिच्छेद-२१ बमोजिमका रिक्त रहेका सावधिक प्राचार्य पदमा स्वतन्त्र र निष्पक्ष रूपमा योग्य एवम् क्षमतावान् व्यक्ति छनोट गरी नियुक्त गर्दा नियुक्त हुने व्यक्तिमा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेहिता एवम् आत्मविश्वास बढ्न गई कुशल नेतृत्व स्थापित हुन सक्छ भन्ने उद्देश्यले प्रतिस्पर्धा गराउन वाञ्छनीय भएकाले, नेपाल संस्कृत विश्वविद्यालय शैक्षिक तथा सङ्गठनसम्बन्धी नियम २०६७ (२०७० भाद्रसम्मको संशोधन समावेश) को परिच्छेद-४ को नियम ३२ (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल संस्कृत विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम 'नेपाल संस्कृत विश्वविद्यालयका आङ्गिक विद्यापीठमा प्राचार्य नियुक्तिका आधार र मापदण्डसम्बन्धी कार्यविधि, २०८२' रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी परिषद्बाट निर्णय भएको मितिदेखि लागु हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) 'अङ्क' भन्नाले शैक्षिक उपाधि, कार्य अनुभव, प्राज्ञिक अनुभव, अनुसन्धानसम्बन्धी लेखबापत प्राप्त हुने अङ्क र कार्यविधिमा विभिन्न शीर्षकमा तोकेबमोजिम प्राप्त हुने अङ्कलाई सम्झिनु पर्छ ।

(ख) 'अनुभव' भन्नाले सावधिक पदमा काम गरेबापत कार्यविधिमा तोकेबमोजिम प्राप्त हुने अङ्कलाई सम्झिनु पर्छ ।

(ग) 'उम्मेदवार' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका आङ्गिक विद्यापीठमा प्राचार्य पदमा नियुक्तिका लागि दरखास्त स्वीकृत भएको उम्मेदवार सम्झिनु पर्छ ।

(घ) 'ऐन' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ (२०७७/०३/११ सम्मको संशोधन समावेश) सम्झिनु पर्छ ।

(ङ) 'नजिकका नातेदार' भन्नाले एकाघरको परिवार सम्झिनु पर्छ ।



उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार)
नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय

(च) 'प्राचार्य' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ (२०७७/०३/११ सम्मको संशोधन समावेश) को दफा १३ (च) मा व्यवस्था गरिएको पदाधिकारी सम्झिनु पर्छ।

(छ) 'योग्यता' भन्नाले सावधिक पदमा नियुक्तिका लागि कार्यविधिमा तोकेको न्यूनतम आवश्यक योग्यतालाई सम्झिनु पर्छ।

(ज) 'विद्यापीठ' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतका आङ्गिक विद्यापीठ सम्झिनु पर्छ।

(झ) 'विश्वविद्यालय' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय सम्झिनु पर्छ।

(ञ) 'शैक्षिक उपाधि' भन्नाले कार्यविधिमा तोकेबमोजिमको उपाधिलाई सम्झिनु पर्छ।

(ट) 'समिति' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्षले प्राचार्य नियुक्तिका लागि परामर्श लिन गठन गरेको छनोट समितिलाई सम्झिनु पर्छ।

(ठ) 'सावधिक पद' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ (२०७७/०३/११ सम्मको संशोधन समावेश) को दफा १३ मा व्यवस्था गरिएका समयावधि तोकिएका पद सम्झिनु पर्छ।

(ड) 'सेवा अवधि' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयमा गरेको सेवाको समयावधिलाई सम्झिनु पर्छ।

३. **प्राचार्य पदमा नियुक्तिका लागि सिफारिसम्बन्धी व्यवस्था** : प्राचार्य सिफारिसका लागि कार्यरत वा सेवा निवृत प्राध्यापक वा सहप्राध्यापकमध्ये १ जना संयोजक र २ जना सदस्य भएको ३ सदस्यीय समिति गठन गरिनेछ।

४. **आवश्यक न्यूनतम योग्यता** : (१) यस कार्यविधि बमोजिम प्राचार्य पदमा नियुक्तिका लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ-

(क) नेपाल संस्कृत विश्वविद्यालयको शिक्षणतर्फको स्थायी सेवामा कार्यरत रहेको,

(ख) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(ग) विश्वविद्यालयअन्तर्गतका विद्यापीठ वा अन्य निकायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको,

(घ) दरखास्त दिनु तत्कालअघि कुनै राजनीतिक दलको सदस्य नरहेको।

५. **सूचना प्रकाशन गर्ने** : (१) सम्बद्ध विद्यापीठको प्राचार्य पदमा नियुक्तिका लागि सोही विद्यापीठमा कार्यरत इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र नेपाल संस्कृत विश्वविद्यालयको वेबसाइटमा बढिमा ३० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयभित्र एउटा पनि दरखास्त विधि प्रक्रिया पुरा भई नआएमा सम्बन्धित विद्यापीठको लागि मात्र ७ दिनको सुचनाका लागि समयावधि थप गर्न सकिनेछ।

६. **दरखास्तसाथ पेस गर्नुपर्ने कागजात** : (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नु पर्नेछ-



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय

कुलसचिव (रजिष्ट्रार) संस्कृत विश्वविद्यालय

शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

(क) व्यक्तिगत विवरण,

(ख) स्नातकोत्तर र विद्यावारिधि तहको शैक्षिक उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्राध्यापक वा सहप्राध्यापक वा उपप्राध्यापकको स्थायी नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात,

(घ) संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयसँग सम्बन्धित मौलिक अनुसन्धानमूलक पुस्तक/ग्रन्थ लेखी प्रकाशन गरेको भए सोको मुद्रित प्रति,

(ङ) विश्वविद्यालयको कुनै निकायमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) आफू प्राचार्य हुन इच्छुक रहेको विद्यापीठ वा विश्वविद्यालयका अन्य निकायसँग स्वार्थ बाझिने गरी निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणापत्र,

(छ) अनुसूची-२ मा उल्लेख भएबमोजिमका समकक्ष समीक्षित जर्नल **(Peer Reviewed Journal)** मा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(ज) लघुअनुसन्धान सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(झ) विश्वविद्यालयको नियम र योजनाअनुरूप क्याम्पस सञ्चालन गर्नका निमित्त १००० देखि १५०० शब्दसम्मको चार वर्षे कार्ययोजना,

(ञ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र ।

(ट) उम्मेदवार प्राचार्य नियुक्ति भएमा निजको सेवा अवधि कम्तिमा ४ वर्ष रहेको हुनुपर्ने ।

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको कार्ययोजना (Four Years Work Plan) संस्कृत वा नेपाली भाषामा प्रस्तुत गर्न सकिनेछ । यी दुईमध्ये कुनै एक भाषामा प्रीतिमा १६ र युनिकोडमा १२ अक्षराकार (फन्ट साइज) मा तयार गरी आवरण पृष्ठ (कभर पेज) मा आफ्नो विवरण खुलाई पेस गर्नु पर्नेछ । यसदेखि बाहेक सुरुदेखि अन्त्यसम्मका कुनै पनि पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको सङ्केत वा चिह्न नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नु पर्नेछ ।

७. **<u>दरखास्त स्वीकृत वा रद्द गर्न सक्ने</u> :** (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको योग्यता एवम् प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ । आवेदकले उक्त छनौट प्रक्रियाका लागि केन्द्रीय कार्यालय दाङमा आउँदा र जाँदाको कुनै सुविधा विश्वविद्यालयबाट लिन पाउने छैन । यदि कुनै आवेदकले सुविधा लिएको पाइएमा दरखास्त रद्द हुनेछ ।



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय

कुलसचिव (निमित्त) नेपाल संस्कृत विश्वविद्यालय

शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेस गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

८. **छनोट विधि** : (१) समितिले उम्मेदवारबाट दरखास्तसाथ पेस हुन आएका पदगत ज्येष्ठता, अनुभव, International Standard Book Number (आइएसबिएन) प्राप्त गरी प्रकाशित मौलिक अनुसन्धानमूलक पुस्तक, लेखरचना, अनुसन्धानात्मक परियोजना र विद्यापीठसम्बन्धी चार वर्षे कार्ययोजनाको मूल्याङ्कन एवम् उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी प्राचार्य नियुक्तिका लागि शिक्षाध्यक्षसमक्ष नाम सिफारिस गर्नेछ । यदि सम्बन्धित विद्यापीठबाट ३ भन्दा कम दरखास्त आएमा सोही अनुसार सिफारिस गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइने छ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछ-

(क) प्रशासनिक अनुभव,

(ख) शैक्षिक योग्यता,

(ग) दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको अनुभव (पदगत ज्येष्ठता),

(घ) संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयसँग सम्बन्धित मौलिक अनुसन्धानमूलक पुस्तक/ग्रन्थ लेखी प्रकाशन गरेको भए सोबापतको अङ्क,

(ङ) लघु अनुसन्धानबापतको अङ्क,

(च) समकक्ष समीक्षित जर्नल (Peer Reviewed Journal) मा प्रकाशित संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयसँग सम्बन्धित अनुसन्धानमूलक लेखबापतको अङ्क,

(छ) विद्यापीठको चार वर्षे कार्ययोजना (Work Plan) को मूल्याङ्कन,

(ज) खण्ड (छ) बमोजिमको कार्ययोजनाको प्रस्तुतीकरण,

(झ) अन्तर्वार्ता ।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भएबमोजिम हुनेछ ।

(४) पदगत ज्येष्ठता र प्रशासनिक सेवा अवधि गणना गर्दा नेपाल संस्कृत विश्वविद्यालयमा सेवा आयोगको सेवा अवधि गणना गर्ने नियमानुसार गणना गरिएको अवधि सम्झिनु पर्छ ।

९. **छनोटको चरण** : (१) छनोटका लागि दरखास्त पेस गरी स्वीकृत भएमा त्यस्तो दरखास्त पेस गरी स्वीकृत भएका सबैलाई मूल्याङ्कनका सबै चरणमा सहभागी गराइनेछ ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत दरखास्तको छनोटको पहिलो चरणमा दफा ८ उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम मूल्याङ्कन गरिनेछ ।



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार) नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

(३) छनोटको दोस्रो चरणमा पेस भएका चार वर्षे कार्ययोजना (Work Plan) को मूल्याङ्कन गरिनेछ र दफा १० बमोजिम कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ ।

(४) विद्यापीठको कार्ययोजना दुई जना विज्ञबाट मूल्याङ्कन गराइनेछ र मूल्याङ्कनकर्ताले दिएको अङ्कलाई औसत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ ।

(५) विद्यापीठको कार्ययोजना मूल्याङ्कनका लागि आवेदकको नाम नखुल्ने गरी समितिबाट कार्ययोजनालाई कोडिङ गरिनेछ ।

(६) उपदफा (५) बमोजिम कोडिङ गरिएका कार्ययोजनाको मूल्याङ्कन भएपश्चात् सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ र प्रस्तुतीकरण तथा अन्तर्वार्ता सम्पन्न भएपश्चात् दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा समितिको रोहबरमा मात्र खोलिनेछ ।

(७) विद्यापीठको कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) यस दफा बमोजिम मूल्याङ्कन गरिएका कागजातहरू सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ ।

**१०. <u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता</u> :** (१) दफा ९ को उपदफा (१) बमोजिम दरखास्त स्वीकृत भै नाम कायम भएका उम्मेदवारलाई ५ दिनको समय दिई विश्वविद्यालयको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि भौतिक रूपमा उपस्थित हुन आमन्त्रण गरिनेछ ।

(२) आफै किरिया बस्नु परेको वा बिरामी भई अस्पताल भर्ना भएका कारण निर्धारित मिति र समयमा प्रस्तुतीकरण र अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा एक दिन अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष सोको प्रमाणसहित निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) को अवस्थामा समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि समय निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि विशेष समय उपलब्ध गराइने छैन ।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालिस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा सम्पूर्ण मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी अङ्क दिएको अवस्थामा मात्र त्यस्तो अङ्क गणना हुनेछ । सो नभएको अवस्थामा बढी दिएको भए सत्तरी र घटी दिएकोमा चालिस प्रतिशत अङ्क कायम हुनेछ ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ ।

(७) प्रस्तुतीकरण र अन्तर्वार्ताको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-४ मा व्यवस्था भएबमोजिम हुनेछ ।



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय

कुलसचिव (रजिस्ट्रार) संस्कृत विश्वविद्यालय

शिक्षाध्यक्ष संस्कृत विश्वविद्यालय

११. **मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने** : (१) समितिका कुनै सदस्य वा कुनै विज्ञका नजिकका नातेदारले प्राचार्यको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परिआएमा समितिबाट व्यवस्था भएबमोजिम हुनेछ ।

१२. **नाम सिफारिस** : (१) समितिले प्राचार्य नियुक्त गर्दा अपनाइएको कार्यप्रक्रियाको प्रतिवेदनसहित प्राचार्य पदमा नियुक्तिका लागि उम्मेदवारको नाम शिक्षाध्यक्षसमक्ष सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनाको नाम योग्यताक्रम अनुसार प्राप्ताङ्कसहित शिक्षाध्यक्षसमक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नाम सिफारिस गर्दा उम्मेदवारहरूको प्राप्ताङ्क बराबर भएमा पदगत ज्येष्ठतामा जसले बढी अङ्क प्राप्त गरेको छ, सोही व्यक्तिलाई प्राथमिकता दिई नाम सिफारिस गरिनेछ ।

(४) यो कार्यविधि लागू भए पश्चात प्राचार्यका उम्मेदवारहरुले बढीमा २ कार्यकाल सम्ममात्र प्राचार्यको रुपमा रहन सक्नेछ ।

१३. **खर्चसम्बन्धी व्यवस्था** : समिति वा विज्ञ वा कर्मचारीको बैठक, कृति मूल्याङ्कन, सूचना प्रकाशन, अन्तर्वार्ता, जलपान र व्यवस्थापन सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ ।

१४. **कागजपत्रको संरक्षण** : समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू शिक्षाध्यक्ष कार्यालयमा सुरक्षित राखिनेछ ।

१५. **शुल्कसम्बन्धी व्यवस्था** : उम्मेदवारहरूसँग लिने शुल्क छनोट समितिको निर्णयअनुसार हुनेछ ।

१६. **सचिवालय** : समितिको सचिवालय शिक्षाध्यक्षको कार्यालयमा रहनेछ ।

१७. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## *अनुसूची-१*

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री संयोजकज्यू,

आङ्गिक विद्यापीठमा प्राचार्य छनोट तथा सिफारिस समिति, ने.सं.वि.शिक्षाध्यक्षको कार्यालय

बेलझुन्डी, दाङ ।



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार) नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

## विषय : <u>दरखास्त तथा कागजात पेस गरेको सम्बन्धमा ।</u>

नेपाल संस्कृत विश्वविद्यालयको.....................स्थित...........................................आङ्गिक विद्यापीठमा रिक्त प्राचार्य पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेस गरेको छु । प्राचार्य पदमा नियुक्तिका लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने यो दरखास्त पेस गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको र नेपाल संस्कृत विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म प्राचार्य पदमा नियुक्तिका लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

१. सार्वजनिक निकायको नाम : नेपाल संस्कृत विश्वविद्यालय

२. नियुक्ति हुन चाहेको पद : प्राचार्य

३. सम्बद्ध विद्यापीठको नाम :

४. दरखास्त पेस गर्ने व्यक्तिको :

(क) व्यक्तिगत विवरण

नामथर :

(देवनागरी लिपिमा) :

(In English Block Letter):

हाल कार्यरत संस्था : पद :

नेपाली नागरिकताको प्रमाणपत्र नं. : जारी मिति : जिल्ला :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

जन्म मिति : ....................साल.............महिना.............गते

सम्पर्क नम्बर : इमेल :

(ख) शैक्षिक योग्यताको विवरण :

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि | | | | |

(ग) अनुभव (पदाधिकारी भए सोसमेत) :

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(घ) लघुअनुसन्धान परियोजनासम्बन्धी विवरण :

| क.सं. | परियोजनाको शीर्षक | परियोजना पेस गरेको निकाय | परियोजना सम्पन्न गरेको मिति* | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

*परियोजना पेस गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।

(ङ) समकक्ष समीक्षित जर्नल **(Non-Ranked Peer Reviewed Journal)** मा अनुसन्धानमूलक लेख प्रकाशन गरेको विवरण :

Non- Ranked Peer Reviewed Journal

| क.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | प्रकाशक | प्रकाशन मिति | कैफियत (Web link) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(च) पुस्तक प्रकाशनसम्बन्धी विवरण

| क.सं. | पुस्तकको शीर्षक | आइएसबिएन नं. | प्रकाशक | प्रकाशन मिति | कैफियत (Web link) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार) नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

(छ) संलग्न कागजात तथा विवरण :

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण-तीन प्रति,

(४) स्नातकोत्तर र विद्यावारिधि उपाधिका प्रमाणपत्रहरूको विवरण तथा प्रतिलिपि,

(५) शिक्षण पेसामा स्थायी नियुक्तिपत्रको प्रतिलिपि,

(६) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(७) संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयसँग सम्बन्धित मौलिक अनुसन्धानमूलक पुस्तक/ग्रन्थ लेखी प्रकाशन गरेको भए सोका मुद्रित प्रतिहरू- प्रत्येक पुस्तकका थान ३,

(८) खण्ड (घ) मा उल्लिखित अनुसन्धान सम्पन्न गरेको प्रमाणपत्र,

(९) खण्ड (ङ) मा उल्लिखित लेखहरू,

(१०) विद्यापीठसम्बन्धी चार वर्षे कार्ययोजना (Work Plan)–थान तीन,

(११) कुनै राजनीतिक दलको सदस्य नरहेको, प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र विद्यापीठसँग कुनै स्वार्थ नबाझिएको स्वघोषणा,

(१२) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए, सोको विवरण ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला ।

| औँठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

दस्तखत :

नाम, थर :

मिति :

सम्पर्क नम्बर :

द्रष्टव्य : माथिका विभिन्न महलहरूमा पुष्ट्याइँ लेख्न ठाउँ अभाव भएमा छुट्टै पाना प्रयोग गर्न सकिनेछ ।

## *अनुसूची-२*

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**पदगत ज्येष्ठता (प्राज्ञिक अनुभव), प्रशासनिक अनुभव, शैक्षिक योग्यता, अनुसन्धानसम्बन्धी अनुभव, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्कविभाजन**

| ज्येष्ठता, अनुभव, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता बापत | ६ | विद्यावारिधि गरेको भए ४ अङ्क ।<br>आचार्य तथा स्नातकोत्तर गरेको भए २ अङ्क । |
| (ख) पदगत ज्येष्ठता (प्राज्ञिक अनुभव) | २५ | प्राध्यापक प्रतिवर्ष ३ अङ्क, सहप्राध्यापक प्रतिवर्ष २ अङ्क, उपप्राध्यापक(स्थायी/अस्थायी/करार), वरिष्ठ प्रशिक्षक(स्थायी/अस्थायी/करार) प्रति वर्ष १ अङ्क । सहायक प्राध्यापक,प्रशिक्षक(स्थायी/अस्थायी/करार तथा पाठ्यांश करार प्रतिवर्ष (.५) प्रदान गरिने छ । जति वर्ष सेवा गरेको भए पनि २५ अङ्कभन्दा बढी प्रदान गरिने छैन । |
| (ग) प्रशासनिक अनुभव | १५ | (१)प्राचार्य/सहायक प्राचार्य/कार्यक्रम संयोजक/विभागाध्यक्ष/ छात्रावास निरीक्षक प्रतिवर्ष ३ अङ्क ।<br>(२) जति वर्षको अनुभव भए पनि १५ अङ्कभन्दा बढी प्रदान गरिने छैन ।<br>**द्रष्टव्य :**<br>(१) यसरी अङ्क विभाजन गर्दा ६ महिना भन्दा कम अवधिको अनुभव गणना हुने छैन ।<br>(२) प्रत्येक पदको एक कार्यकालको प्रशासनिक अनुभव मात्र गणना गरिने छ ।<br>(३) आफूले कुन पदमा रहेर अनुभव हासिल गरेको हो भन्ने बेहोरा दरखास्तमा खुलाउनु पर्नेछ । |
| (घ) नेसंविमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयमध्ये आफ्नो विषय/विधासँग सम्बन्धित मौलिक अनुसन्धानात्मक पुस्तक लेखी आइएसबिएन प्राप्तिसहित प्रकाशन गरेकोमा दुई वटासम्मका लागि । | ४ | नेपाल संस्कृत विश्वविद्यालयमा अध्ययन अध्यापन हुने शास्त्रीय र आधुनिक विषयमध्ये आफ्नो विषय/विधासँग सम्बन्धित मौलिक अनुसन्धानमूलक पुस्तक लेखी आइएसबिएन प्राप्तिसहित प्रकाशन गरेकोमा प्रति पुस्तकवापत दुई अङ्कका दरले दुई वटाका लागि अधिकतम चार अङ्क ।<br>**द्रष्टव्य :**<br>(१) यस्तो पुस्तक पूर्णतः अनुसन्धानात्मक ढाँचामा लेखिएको हुनु पर्नेछ। पाठ्यपुस्तक (Text Book) को मूल्याङ्कन हुने छैन ।<br>(२) त्यस्तै सम्पादित, अनुदित र टीकालेखनसँग सम्वन्धित ग्रन्थको मूल्याङ्कन हुने छैन ।<br>(३) पुस्तक/ग्रन्थ एकल रूपमा लेखेको भए प्रति पुस्तक दुई अङ्कका दरले चार र संयुक्त रूपमा लेखेको भए दुई अङ्कमा जति जना भई लेखेको हो सोको दामासाही अङ्क । |
| (ङ) नेसंविमा अध्ययन अध्यापन हुने विषयमध्ये स्वविषयसम्बद्ध अनुसन्धानमूलक लेख प्रकाशन | ४ | नेसंविमा अध्ययन अध्यापन हुने स्वविषयसम्बद्ध क्षेत्रमा आइएसएसएन (ISSN) प्राप्त विज्ञ समीक्षित जर्नल (Non Ranked Peer Reviewed Journal) मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत प्रतिलेख |



उपकुलपति ... संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार) ... संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष ... संस्कृत ...

| | | |
|---|---|---|
| | | एक अङ्कका दरले अधिकतम चारवटा लेखका लागि । **द्रष्टव्य :** (१) प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख एक अङ्कले ४ अङ्क । (२) सह अनुसन्धानकर्ता भए एकलाई लेखक सङ्ख्याले भाग गरी हुन आउने दामासाही अङ्क । (३) कसैले एक वा दुई लेख प्रमुख अनुसन्धानकर्ता र अन्य सह भई अनुसन्धान गरेको भए तापनि चारवटा लेख पुगुन्जेल अङ्क प्राप्त गर्न सक्नेछ । |
| (च) लघुअनुसन्धान | २ | विश्वविद्यालय, सरकारी प्रतिष्ठान र सरकारी निकायमार्फत सम्पन्न गरिएको लघुअनुसन्धानबापत प्रति अनुसन्धान एक अङ्कका दरले बढीमा दुईवटा अनुसन्धानको अङ्क । |
| (छ) विद्यावारिधि शोधनिर्देशन/सहनिर्देशनबापत | २ | प्रति निर्देशन/सहनिर्देशन एक अङ्कका दरले बढीमा दुईवटासम्मको । |
| (ज) खरिद, निर्माण तथा टेन्डर समितिमा रही कार्य गरेबापत | ५ | १ प्रत्येक पदको कार्यकालको काम गरेको अनुभव मात्र गणना गर्ने । प्रतिवर्ष एक अङ्कका दरले बढीमा पाँच वर्षसम्मको । |
| (झ) विश्वविद्यालयको नियमअनुसार विद्यापीठ सञ्चालनसम्बन्धी चार वर्षे कार्ययोजना **(Work Plan)** मूल्याङ्कन । | १५ | समितिबाट तयार गरिएको मूल्याङ्कन मापदण्डका आधारमा रही मूल्याङ्कन गरिने । |
| (ञ) प्रस्तुतीकरण र अन्तर्वार्ता | २२ | अनुसूची-४ मा व्यवस्था भएबमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ । सबै मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ । सो नभएमा बढी भए सत्तरी र कम भए चालीस प्रतिशत मात्र अङ्क गणना हुनेछ । |

## *अनुसूची-३*

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

विद्यापीठसम्बन्धी चार वर्षे कार्ययोजनाको मूल्याङ्कन ढाँचा

...............विद्यापीठको प्राचार्य पदका लागि सिफारिस समितिबाट मिति ...../...../.....गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरू मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरूले पेस गरेको विद्यापीठको चार वर्षे व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

कोड :

विद्यापीठको कार्ययोजना



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिस्ट्रार) नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विद्यापीठको ऐतिहासिक तथा विद्यमान अवस्था | ३ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्यासहितको **SWOT Analysis** | ३ | | |
| ३. | विद्यापीठको पठनपाठन र बाह्य सरसम्पर्कको विश्लेषण | ३ | | |
| ४. | अल्पकालीन र दीर्घकालीन रूपमा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान | ३ | | |
| ५. | विद्यापीठको समग्र सुधार कार्ययोजनासहितको विवरण | ३ | | |
| | **जम्मा** | १५ | प्राप्ताङ्क अङ्कमा :<br>प्राप्ताङ्क अक्षरमा : | |

विद्यापीठको चार वर्षे कार्ययोजनाको प्राप्ताङ्क–

अङ्कमा :

अक्षरमा :

मूल्याङ्कनकर्ताको नाम :

हस्ताक्षर : मिति :

## *अनुसूची-४*

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

अन्तर्वार्ता र प्रस्तुतीकरणको मूल्याङ्कन ढाँचा

ने.सं.वि.अन्तर्गत....................विद्यापीठको प्राचार्य लागि सिफारिस समितिबाट मिति ../..../....गते प्रकाशित सूचनाअनुसार सो पदका लागि दरखास्त दिएकाहरू मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरूको अन्तिम चरणको अन्तर्वार्ता र प्रस्तुतीकरणको मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

आवेदकको कोड :

अन्तर्वार्ता र प्रस्तुतीकरणको मूल्याङ्कन



उपकुलपति नेपाल संस्कृत विश्वविद्यालय
कुलसचिव (रजिष्ट्रार) नेपाल संस्कृत विश्वविद्यालय
शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ४ | | |
| २. | विषयवस्तुको ज्ञान तथा प्रविधिको ज्ञान | ४ + २=६ | | |
| ३. | नेतृत्व क्षमता | ५ | | |
| ४. | समस्या समाधान गर्ने क्षमता | ३ | | |
| ५. | विश्लेषणात्मक क्षमता | ३ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| | **जम्मा** | २२ | प्राप्ताङ्क अङ्कमा :<br>प्राप्ताङ्क अक्षरमा : | |

अन्तर्वार्ता र प्रस्तुतीकरणको प्राप्ताङ्क–

अङ्कमा :
अक्षरमा :

मूल्याङ्कनकर्ताको हस्ताक्षर :
नाम : पद : मिति :

********

शिक्षाध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय

उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

कुलसचिव (रजिष्ट्रार)
नेपाल संस्कृत विश्वविद्यालय